मिति : २०८० चैत्र ८

संक्रमणकालीन न्यायसम्बन्धि सर्वोच्च अदालतको परमादेश एवम् समाधानको ठोस मार्गचित्रसम्बन्धी मिति २०८० चैत्र ८ गते काठमाडौंमा आयोजित द्वन्द्व पीडितहरुको राष्ट्रिय परामर्शबाट पारित द्वन्द्वपीडित समुदायको धारणा

**संक्रमणकालीन न्यायसम्बन्धी ऐन तत्काल स्वीकार्य ढंगले संशोधन गरेपछि मात्रै विश्वसनीय र स्वायत्त सिफारिस समिति बनाई खुला, परामर्शयुक्त र पारदर्शी प्रक्रिया अपनाई बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगमा आयूक्तहरू नियुक्ति गरियोस्, दीर्घकालीन असर पर्ने प्रकृतिका कार्य कार्यटोलीवाट नगराइयोस् ||**

१। सर्वोच्च अदालतले संक्रमणकालीन न्यायका सम्बन्धमा २०८० माघ १५ गते सरकारका नाममा जारी गरेको परमादेशको पुरा पाठ फागुन २९ मा जारी गरेको छ | उक्त परमादेशमा सरकारका नाममा एक महिनाभित्र सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी नियुक्तिका लागि सिफारिस समिति गठन कार्य सम्पन्न गरी नियुक्ति प्रक्रिया आरम्भ गर्न भनिएको छ | साथै १५ दिनभित्र पीडितको सत्यतथ्य जान्न पाउने र न्यायको हकको सुनिश्चित र संरक्षित गर्नका लागि सशस्त्र द्वन्दवाट पीडित भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधिहरु र दुवै आयोगका सचिवसङ्ग परामर्श गरी पदाधिकारीहरु नभएको अवस्थामा आयोगका सचिवले कार्यटोली गठन गरी प्रारम्भिक छानविनको कार्य प्रारम्भ गर्न गराउन सक्ने गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न गराउन भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयलाई आदेश दिएको छ |

२। सर्वोच्च अदालतले जारी गरेको उक्त परामेशप्रति द्वन्द कालमा द्वन्दरत पक्षद्वारा पीडित बनएर दशकौंदेखि पीडा र अन्यायमा पिल्सिरहेका द्वन्द पीडित समुदायको गम्भीर सरोकार रहेको छ | संक्रमणकालीन न्यायसम्बन्धी त्रुटीपूर्ण ऐन संशोधन गर्न सर्वोच्च अदालतले २०७१ सालमा दिएको परमादेश बमोजिम पीडित समुदायले निरन्तर उठाउँदै आएको आवाजको सरकार र राजनीतिक दलहरूले गैरजिम्मेवार ढंगले अनदेखा गर्दै आए | २०७९ असारदेखि पदाधिकारी बिहिन भएर बेकामे भएका बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग तत्काल गठन गर्न एवम् आयोगलाई कामयाबी बनाउन सरकार र राजनीतिक दलहरूले आलटाल गर्दै आए| सोहि बहानावाजी एवम् निरन्तर ढिलाई नै उक्त परमादेश आउनुमा जिम्मेवार रहेको छ |

३। समुच्च फैसला अध्ययन गर्दा संसदमा विचाराधिन विधेयकलाई यथोचित रूपमा टुंगो लागाई संशोधित कानुनी प्रावधानअनुरुप नै सिफारिस समिति गठन गर्न सर्वोच्च अदालतले भनेको देखिन्छ । आदेशको अन्यथा अर्थ लगाएर विद्यमान ऐनमा

संशोधन नगरी यस ऐनअन्तर्गत विगतको जस्तै एकतर्फी प्रकृया अगाडि बढाउने हो भने त्यस्तो प्रकृया पीडितका लागि मान्य हुने छैन । यो भनि रहनु पर्ने कुरा होइन । पीडित समुदायकै मागमा नियुक्तिका लागि सिफारिस गर्ने समितिको प्रवन्धको विषयमा पनि संशोधन प्रस्तावहरू विचाराधिन छन् । समितिमा सरकारका प्रतिनिधिको दबदबा र अपारदर्शी छनौट प्रकृयाप्रति विगतमा पीडित समुदाय र नागरिक समाजको गम्भीर असहमति रहँदै आएको हो । त्यसलाई संशोधन गरेर संबोधन गर्न पीडित समुदाय र नागरिक समाजले दबाब दिंदै आएको अवस्था हो ।

४। सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले प्रत्येक व्यक्तिलाई अपराध निर्धारण गर्दा निष्पक्ष र स्वतन्त्र न्यायिक निकायबाट सुनुवाइ हुनुपर्ने हक दिएको र नेपालको संविधानमा समेत न्यायको हकलाई मौलिक हकको रूपमा राखिएको सर्वोच्चले उल्लेख गरेको छ। त्यसैले द्वन्द्वपीडितको स्वच्छ न्यायको हकलाई संरक्षण, प्रत्याभूत र सुनिश्चितता गर्नु राज्यको दायित्व भएको सरकारलाई स्मरण गराएको छ | आदेशमा लामो समयसम्म आयोगमा पदाधिकारीहरूको नियुक्ति नहुँदा संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुर्याउने तथा द्वन्द्व पीडितका अधिकारहरूको प्रत्याभूत गराउने कुरामा बाधा पुगेको, साथै संक्रमणकालीन न्यायका सवालमा सर्वोच्च अदालतबाट विभिन्न मितिमा फैसला र आदेशहरू भएको उल्लेख गर्दै राज्यका नाममा आदेश जारी भइरहने तर राज्यका जिम्मेवार निकायबाट त्यसको उपेक्षा र उल्लङ्घन गरिरहने प्रवृत्ति र संस्कृतिले विधिको शासनको अवमूल्यन र लोकतन्त्रको खिल्ली उडाएको उल्लेख गरेको छ।

५। २०७१ सालमा गठित पहिलो आयोगमा पदाधिकारीले आयोगको म्याद थप्दा ऐन संशोधन गर्नुपर्ने माग राखे | सरकारले ऐन संशोधन गरेन, केवल झुक्याउने काम मात्र गर्यो | दोश्रोपटक आयोग गठन गर्दा पीडित समुदाय लगायतका सरोकारवालाहरूले पहिले स्वीकार्य ढंगले ऐन संशोधन गर अनि विश्वसनीय आयोग बनाउन जोडदार माग गरे | पीडित समुदायको सरोकार सुनुवाई भएन| सरकारले भन्नलाई ऐन संशोधन र आयोग गठन सँगसँगै गर्छु भन्यो | सिफारिस समिति पनि बनायो | तर दलीय नियन्त्रणमा रहेको सिफारिस समितिले पीडित लगायतका सरोकारवालासँग देखावटी परामर्श मात्र गर्यो | छनौट प्रक्रियालाई विश्वसनीय र पारदर्शी बनाउन परामर्शबाट प्राप्त सुझावहरू कार्यान्वयन गरिएन | दोश्रो पटक पनि आयोग गठन गरिए | तर विश्वसनीय ऐन संशोधन प्रक्रिया नै अगाडि बढाइएन | कानुनको संशोधनलाई पूर्वसर्तका रूपमा राखेको पीडित समुदायले आयोगसँग सहकार्य गरेनन् | संयुक्त राष्ट्र सङ्घले पनि सहयोग र सहकार्य गर्न नसक्ने आफ्नो अडान कायम राख्यो । फलत आयोगहरूले काम गर्न सकेनन् | आयोगका पदाधिकारीको काम आयोगको काम गर्ने भन्दा कानुन संशोधनका लागि मन्त्रालय एवं नेताका घर कार्यालय धाउने मात्र हुन पुग्यो।

६। २०७८ चैत्रमा सरकारले आरम्भ गरेको ऐन संशोधन प्रक्रिया झण्डै दुई वर्ष हुन लाग्दा समेत पुरा हुन सकेको छैन| २०७९ मंसिरमा नयाँ संसदको निर्वाचन भएसँगै २०७९

फागुन २५ मा सरकारले संसदमा दर्ता गरेको संशोधन प्रस्ताव वर्षदिन कटिसक्दा समेत पारित हुने लक्षण देखिन्न। संसदको कानुन, न्याय तथा मानवअधिकार समितिको उपसमिति हुँदै समितिमा छलफलमा रहेको संशोधन प्रस्तावमा पीडित समुदायले माग राख्दै आएका कैयौँ राम्रा एवं सकारात्मक प्रावधान समेटिएका छन् । अझै संशोधन विधेयकमा केही महत्त्वपूर्ण सवालहरू संबोधन हुन बाँकी नै रहेका छन्। गत फागुन २१ गते संसदीय समितिबाट संशोधन विधेयक पारित हुने बिश्वास गरिएको थियो। तर पारित हुन सकेन। सँधै सत्ता स्वार्थ र चलखेलको भर्याङ्ग बनाइदै आएको सङ्क्रमणकालीन न्याय ऐन संशोधन फेरी जानीजानी अन्यौलमा पारिएको छ। पीडित नागरिकहरू माथि ठुलो धोका भएको छ। साथै सरकारले पीडित समुदायसँग परामर्श गर्यौं भनेर देखाउने, अर्थपूर्ण परामर्श नगर्ने, परामर्शबट आएका सरोकारहरूलाई ग्रहण एवम् कार्यान्वयन नगर्ने तर उक्त परामर्शलाई आफ्नो निहित स्वार्थका लागि उपयोग गर्ने गरिएकोप्रति समेत गम्भीर असहमति जाहेर गर्दछौं ।

७। संक्रमणकालीन न्याय सम्बन्धी बिद्यमान ऐन संशोधन भएर मात्र विश्वसनीय आयोग गठन हुनु पर्दछ भन्ने पीडित समुदायको माग यथावत छ । विश्वसनीय ढंगले ऐन संशोधन नभएका कारण आयोगहरूसंग विश्वास र सहकार्य नगरेको पीडित समुदायको अवस्था यथावत छ । साविक ऐन बमोजिम गठन हुने सिफारिस समिति र त्यसको संरचनाउपर पीडित समुदायको असहमति रहेको सर्वबिदितै छ । दलीय भागवण्डामा बनेको सिफारिस समितिले अवलम्बन गरेको नियन्त्रित छनौट प्रक्रियाउपर पीडित समुदायको गम्भीर असहमति रहेको छ । पीडित समुदायले सिफारिस समितिको संरचना परिवर्तन हुनुपर्ने, सिफारिस समितिको स्वतन्त्रता र स्वायत्तता सुनिश्चित गर्नुपर्ने एवम् राजनीतिक नियन्त्रणवाट मुक्त राख्नुपर्ने माग निरन्तर गर्दै आएका छन् । आयोगका पदाधिकारी छनौट स्पष्ट मापदण्ड एवम् विश्वसनीय र पारदर्शी प्रक्रियाद्वारा हुनुपर्ने माग निरन्तर गर्दै आएका छन् ।

८। ऐन संशोधन र ऐन र विधेयकमा भएका विवादित विषयहरूका सम्बन्धमा पीडित समुदायले प्रधानमन्त्री, मन्त्री, संसद, संसदीय समिति, राजनीतिक दलका नेतृत्वसँग आफना सवालहरू लिखित एवम् मौखिक रूपमा निरन्तर जाहेर गर्दै आएको छ । बर्षौंदेखि राजनीतिक दाउपेचको बिषय बनाइएको संक्रमणकालीन न्याय प्रक्रिया सफल निष्कर्षमा पुर्याउनका लागि कानुनको संशोधन हाम्रो पहिलो शर्त हो भन्ने व्यहोरा पुनः दोहोर्याउन चाहन्छौं ।

**आयोगमा कार्यटोली गठन गरी प्रारम्भिक अनुसन्धान प्रारम्भ गर्ने**

९। अदालतको आदेशमा ऐनको दफा ३१ मा आयोगले आफ्नो काम कारवाही सुचारु रुपले सञ्चालन गर्नका लागि सम्बन्धित क्षेत्रका बिज्ञहरु समावेश गरी आवश्यकता बमोजिम बिभिन्न उपसमिति वा कार्यटोली गठन गर्नसक्ने र दफा ३४ मा आयोगले यस ऐन बमोजिम आफुलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष, सदस्य सचिब वा दफा ३१ बमोजिम गठित उपसमिति वा

कार्यटोलिलाई प्रत्यायोजन गर्न सक्ने तर मेलामिलाप गराउने वा परिपूरण, क्षमादान वा कारवाहीको सिफारिस गर्ने सम्बन्धमा आयोगमा भएको अधिकार प्रत्यायोजन हुन सक्ने छैन भन्ने ब्यबस्था रहेकोमा आयोगमा पदाधिकारीको निर्णयवाट छानविन गर्नका लागि टोली गठन गर्न वा अधिकार प्रत्यायोजन गर्न सकिने देखिएतापनि तदनुरूप उपसमिति वा कार्यटोली गठन नभएको तथा अख्तियार प्रत्यायोजन भएको नदेखिएको उल्लेख गरिएको छ | आदेशमा आयोगको छानविनको बिषय संक्रमणकालीन न्यायसङ्ग जोडिएको विशिष्ट प्रकृतिको भएको र आयोगको स्वायत्तता र स्वतन्त्रताका सापेक्षतामा समेत आयोगवाट अनुसन्धान अधिकृत तोकी वा टोली गठन गरी गर्नुपर्ने विस्तृत छानविन, आयोगवाट गरिनुपर्ने बिभिन्न सिफारिस, आयोगवाट सम्पादित हुनुपर्ने मुलभुत कार्यहरु र आयोगवाट निर्णय हुनुपर्ने प्रकृतिका काम कर्मचारीवाट मात्र गराउनु भनी यस अदालातावट आदेश जारी गर्नु उपयुक्त हुने देखिदैन र त्यस्तो आदेश जारी गर्नु कानुनसम्मत र आयोगहरु स्वतन्त्र, सक्षम र स्वायत्त हुनुपर्ने संक्रमणकालीन न्यायको मर्म, भावना र मान्यता बमोजिम हुदैन भनेर समेत उल्लेख गरिएको छ |

१०।पदाधिकारीहरु नभएको अवस्थामा आयोगका सचिवले कार्यटोली गठन गरी प्रारम्भिक छानविनको कार्य प्रारम्भ गर्ने अधिकार बिद्यामान ऐनमा ब्यबस्था नभएकोले ऐन धारा ४२ अनुसार बाधा अड्काउ फुकाउ गर्नुपर्ने हुन्छ | मानब अधिकार उल्लङ्घन हो वा होइन, बिस्तृत अनुसन्धान लैजाने वा नलैजाने, तामेलीमा राख्ने वा नराख्ने, के कस्तो परिपूरणको सिफारिस गर्ने आदि निर्णय प्रारम्भिक छानविनकै आधारमा गरिन्छ | प्रारम्भिक छानविन कुनै उजुरीको त्यसपछिको प्रक्रिया निर्धारण गर्नमा मुख्य आधार भएकोले यो निकै महत्वपूर्ण छ | आयोगको ऐनले निर्णय गर्ने पदाधिकारीलाई प्रदान गरेको छ | मेलामिलाप गराउने वा परिपूरण, क्षमादान वा कारवाहीको सिफारिस गर्ने सम्बन्धमा आयोगका पदाधिकारीमा भएको सामुहिक अधिकार एकल सचिव प्रत्यायोजन हुन कदापि सक्दैन | त्यसैले पदाधिकारी नभएको अवस्थामा आयोगको संक्रमणकालीन अवस्थामा अल्पकालीन रुपको ब्यबस्था गर्ने बिषयलाई गम्भीर रुपमा लिनु र ब्यवस्था गर्नुपर्दछ | भोलि आयोगको काममा दीर्घकालीन नकारात्मक असर पार्ने, पदाधिकारी नियुक्त भएर आएपछी अप्ठ्यारो नपर्ने, सचिवालय र पदाधिकारीवीच असामान्जस्यता उत्पन्न नहुने एवम् आयोगको स्वायत्तत्ता एवम् स्वतन्त्रतामा आँच नआउने गरी बाधा अड्काउ फुकाउने ब्यबस्था गर्नुपर्छ |

११।पदाधिकारीबिहिन हुदा पनि सचिवको नेतृत्वमा रहेको आयोगले पीडितका पक्षमा काम गरिरहोस् भन्ने चासो पीडित समुदाय एवम् संघसंस्थाहरुको हिजोदेखि नै थियो | पीडितमैत्री वातावरण सिर्जना गरी उजुरीको वर्गीकरण, द्वन्दका कारण, आयोगलाई सशक्त बनाउन आवश्यक अनुसन्धान, सामान्य प्रकृतिका घटनाको छानबिन, दोहोरो परेका उजुरीको पहिचान, पीडित समुदायलाई तत्कालीन राहत, उपचार तथा आवश्यकता, परिपूरण आवश्यकता सम्बन्धी अध्यन तथा तयारी, उजुरीहरुको

चुस्तदुरुस्त भण्डारण लगायतका कार्यजिम्मेवारी सचिव एवम् कार्यटोलीलाई दिन सकिन्छ | सचिववाट कार्यटोली गठन गरी प्रारम्भिक छानबिनको कार्य प्रारम्भ गर्ने ब्यबस्था अल्पकालिन मात्र हुन्छ, निकट भविष्यमा नियुक्ति भएर आउने पदाधिकारीहरुलाई काम गर्ने वातावरण बनाउन यसले सहजीकरण गर्न सक्छ | तत्कालीन रुपमा आयोगले सचिवालयवाट केहि कार्य आरम्भ गर्न सकिएतापनि ठोस, दीर्घकालीन र बिबादरहित समाधानका लागि ऐन संशोधन गरी स्वायत्त आयोग गठन प्रक्रिया तत्काल थालिहाल्नुको विकल्प छैन | बाधा अड्काउवाट सचिवलाई केहि काम गर्न लागाएको जस्तो गरेर पीडितलाई झुक्याउने अनि ऐन संशोधन नगर्ने र आयोग गठन गर्ने कार्य टार्ने प्रयास नगर्न सचेत गराउन चाहन्छौं |

**तत्काल ऐन संशोधन गर्ने, विश्वसनीय सिफारिस समिति र आयोग प्रक्रिया आरम्भ गर्ने**

१२। गम्भीर मानवअधिकार उल्लंघनका पीडितहरूले प्रभावकारी उपचार प्राप्त गर्नसक्ने पीडित केन्द्रित संक्रमणकालीन न्यायको ठोस खाका तयार हुनुपर्दछ। संक्रमणकालीन न्याय प्रक्रियाको पीडित केन्द्रित समाधानको स्पष्ट मार्गचित्र र ठोस कार्ययोजना बनाउनुपर्दछ।

१३। संसदको कानुन, न्याय तथा मानब अधिकार समितिमा झण्डै १० महिनादेखि विचाराधीन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन संशोधन विधेयक राजनीतिक आग्रह पूर्वाग्रह र राजनीतिक दाउपेचवाट माथि उठ्नुपर्छ | राजनैतिक दलका शीर्ष नेतृत्वले समाधान गर्ने दृढ इच्छाशक्ति राखेर समाधान खोजेमा ऐन संसदवाट तत्काल पारित हुन्छ | पीडितको पीडाको संवेदनशीलताप्रती जवाफदेही बनेर समितिमा समाधान हुन बाकि रहेका एवम् पीडित समुदायले उठाएका सवाल सर्वोच्च अदालतको बिभिन्न मितिका परमादेश, अन्तर्राष्ट्रिय मूल्यमान्यता तथा नजीर एवम् पीडित लगायतको सरोकारवाला माग बमोजिम द्वन्द पीडित, मानब अधिकार समुदाय, संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय जगतावाट अस्वीकार्य एवम् असहयोग नहुने गरी विश्वसनीय र स्वीकार्य ढंगले तत्कालै पारित गर्नुपर्दछ |

१४। आयोगका पदाधिकारी छनौटका लागि गठन हुने सिफारिस समितिको गठन, संरचना एवम् छनौट प्रक्रियाको स्वतन्त्रता र स्वायत्तता सुनिश्चित गर्नु पर्दछ । साविक ऐनमा रहेको समितिको गठन एवम् छनौट प्रक्रिया संशोधन गर्नुपर्दछ | आयोगमा पदाधिकारी छनौट तथा सिफारिस प्रकृयालाई विश्वसनीय वनाउन सर्वोच्च अदालतले २०७० मा दिएको मार्गनिर्देशक सिद्धान्त, पेरिस सिद्दान्त, संयुक्त राष्ट्रसंघले तोकेका मापदण्ड र अन्तर्राष्ट्रिय मान्यता अबलम्वन गरी स्वतन्त्र आयोग गठन गर्नुपर्दछ | शान्ति निर्माणमा अनुभब, योग्यता एवम् योगदान, संक्रमणकालीन न्याय प्रक्रियालाई स्पष्ट योजना भएका व्यक्तिहरू स्पष्ट मापदण्डका आधारमा सफल निष्कर्षमा पुर्याउने व्यक्तिहरू पारदर्शी र सार्वजनिक छनौट प्रकृयावाट छनौट गर्नुपर्दछ |

दलीय हस्तक्षेप विना स्पष्ट मापदण्ड र पारदर्शी सार्वजनिक छनौट प्रक्रिया अबलम्वन गर्ने पूर्ण अधिकार सिफारिस समितिलाई हुनुपर्दछ ।

१५। दलीय प्रभाव र दवावबाट मुक्त भएर काम गर्न सक्ने, मानवअधिकार तथा संक्रमणकालीन न्यायका क्षेत्रमा विज्ञता भएको, द्वन्द्व पीडितका पीडा, संवेदनशीलता र सवालहरूलाई आत्मसात गर्नसक्ने, राजनीति एवं मानवअधिकार बुझेको, समूहमा मिलेर काम गर्न सक्ने, राम्रो सामाजिक छवि भएको, निपष्क्ष, स्वतन्त्र, व्यावशायिक, सम्बन्धित विषयमा विज्ञता/विशेषज्ञता भएको तथा राजनीतिक दलको प्रभावबाट विचलित नहुने, दलीय स्वार्थभन्दा माथि उठ्न सक्ने न्यायिक मन भएका योग्य, सक्षम, क्षमता भएका, विश्वसनीय र निष्पक्ष व्यक्तित्वहरूलाई छनौट गर्नुपर्दछ । साथै पीडितमैत्री चरित्र भएको, लैङ्गिकमैत्री व्यवहार एवं पीडाको गाम्भीर्यता बुझेको, सहकर्मी एवं समूहमा मिलेर काम गर्नसक्ने, सञ्चार तथा व्यवस्थापकीय क्षमता भएको, द्वन्द पीडित, मानव अधिकार समुदाय, सरकार राजनितिक दल तथा अन्तर्राष्ट्रिय समुदाय, लगायत सरोकारवालहरूसको विश्वास, सहकार्य र सहयोग हासिल गर्नसक्ने एवं र नेतृत्व गर्ने क्षमता भएको, द्वन्दको कुनै पक्षमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न नभएको उच्च नैतिक चरित्र एवं उच्च सामाजिक प्रतिष्ठा भएको ब्यक्ति छनौट गर्नुपर्दछ । आयोगका पदाधिकारी छनौट गर्दा सार्वजनिक सुनुवाई गर्नुपर्छ | सार्वजनिक सुनुवाइ गर्दा आयोगमा विचाराधिन रहेका झण्डै ६६ हजार उजुरीको निरुपण, सत्य, न्याय, परिपुरण र संस्थागत सुधार लगायतका ऐनमा उल्लेखित कार्यभार बहन गर्ने एवं पारदर्शिता, सुचना सम्प्रेषण एवं पीडित लगायतका सरोकारवालाहरूसंगको सहकार्य लगायतको योजना प्रस्तुतीकरणका आधारमा उच्च अंक प्राप्त गर्ने व्यक्तिलाई सिफारिस गर्नुपर्दछ |

१६। आयोगलाई पदाधिकारी, जनशक्ति, साधनश्रोत, संरचनाका हिसाबले स्वायत्तता प्रदान गर्नुपर्दछ | आयोगलाई काम सम्पन्न आवश्यक पर्ने साधनश्रोत, सहकार्य, साधन श्रोत, सहकार्य, तयारी, कर्मचारी, बिज्ञ, कर्मचारी, बजेट लगायतका बिश्वस्निया आधारहरू निश्चित गर्नुपर्दछ | आवश्यक श्रोत तथा साधन श्रोतको ब्यबस्थापन गर्ने स्वायत्तता आयोगलाई दिनुपर्दछ |

१७। आयोगका हरेक इकाईहरुमा सम्बन्धित बिषय विज्ञहरुको ब्यवस्था गरिनुपर्दछ | अनुसन्धान इकाईमा सामान्य कर्मचारी नभएर अनुसन्धान बिज्ञ हुनुपर्दछ । पीडित समक्ष पुग्नका लागि प्रदेश तहमा एवम् बढी द्वन्द प्रभावित क्षेत्रमा प्रभावकारी, पीडित केन्द्रित र पहूँचयुक्त आयोग संरचनाको प्रबन्ध गर्नुपर्दछ । आयोगमा ब्यवस्था गरिएका हरेक इकाईहरूमा सम्बन्धित विज्ञहरूको ब्यवस्था गरिनु पर्दछ | घटनाको अनुसन्धान बिज्ञहरूवाट गराउनुपर्दछ । अनुसन्धान इकाईमा सामान्य कर्मचारी नभएर अनुसन्धान बिज्ञ हुनुपर्दछ । पीडित समक्ष आयोग पुग्नका लागि प्रदेश तहमा एवम् बढी द्वन्द प्रभावित क्षेत्रलाई हृदयंगम गरेर प्रभावकारी, पीडित केन्द्रित र पहूँचयुक्त संरचनाको ब्यवस्था गर्नुपर्दछ ।

१८।आयोगको कार्यशैली संक्रमणकालीन न्यायको अवधारणा बमोजिम पीडितमैत्री एवम् लैंगिक संबेदनशील बनाउनुपर्दछ । आयोगको कार्यप्रक्रिया विश्वसनीय, गोपनीय तथा सुरक्षित हुनु पर्दछ । पीडित तथा साक्षीको गोपनियता तथा संरक्षण, प्रमाणको सुरक्षाका लागि विश्वसनीय उपायहरूको अवलम्बन गर्नुपर्दछ । आयोगले पीडितप्रति संवेदनशील, भावनात्मक एवम् पीडितको विश्वास, मन जित्ने ब्यवहार र मनोसामाजिक परामर्शको व्यवस्था समेत गर्नु पर्दछ ।

१९।द्वन्द्वका कारण घाइते, द्वन्द्व पश्चात जमिनमुनि बिछ्याइएका बारूदबाट अपाङ्गता एवम् अशक्तता हुन पुगेर जीवनमा पुगेको क्षतिको मूल्यांकन गरी अन्तरिम राहत, प्रतिशत निर्धारण एवम् जीवन निर्वाहको ब्यबस्था गर्नुपर्दछ | पीडितका तत्कालिन आवश्यकता, राहत, उपचार, सामाजिक सुरक्षा, सहायक सामग्री, अत्यावश्यक भएका पीडितलाई औषधिउपचार आदिको तत्काल प्रबन्ध, यातना, जवर्जस्ती करणी तथा यौनहिंसा पीडित लगायत सवै प्रकारका द्वन्द पीडितको पहिचान, सुरक्षा, तत्काल राहत तथा उपचारको व्यवस्था ब्यवस्था गर्नु पर्दछ, पीडित समुदायसंगको सहकार्यमा पीडाको प्रकृति, गाम्भीर्यता तथा आवश्यकताका आधारमा पीडित समुदायको साझा एवं विशेष आवश्यकता एवं अधिकार सम्बन्धी तात्कालिक एवम् दिर्घकालिन परिपुरणीय आवश्यकता पुरा गर्न बिस्तृत परिपुरण नीति तथा कार्यक्रम निर्माण गरी केन्द्र तथा प्रदेश सरकारको साझा दायित्वका सहज रुपमा परिपूरण प्राप्त गर्नसक्ने ब्यवस्था गर्नु पर्दछ |

२०। अत: केहि प्रारम्भिक कार्य सचिव, कार्यटोली एवम् कर्मचारीवाट आरम्भ गर्न सकिएतापनि विश्वसनीय र कानुन सम्मत समाधानका लागि ऐन संशोधन गरी स्वायत्त आयोग गठन प्रक्रिया तत्काल थालिहाल्न एवम् संसदमा विचाराधीन संक्रमणकालीन न्याय सम्बन्धी ऐन संशोधन प्रस्ताब सर्वोच्च अदालतका परमादेश, अन्तर्राष्ट्रिय मूल्यमान्यता तथा नजीर एवम् पीडित लगायतका सरोकारवालाहरुको माग बमोजिम विश्वसनीय र स्वीकार्य ढंगले तत्काल पारित गर्न पुन जोडदार माग गर्दछौ | उक्त ऐन संशोधनमा सिफारिस समितिको गठन, संरचना र आयोगका पदाधिकारी छनौट प्रक्रिया समेत विश्वसनीय, स्वतन्त्र र पारदर्शी बनाउने प्रावधान संशोधन गर्न माग गर्दछौं | संशोधित ऐनका प्रावधानका आधारमा मात्र अदालतको परमादेशबमोजिम सिफारिस समिति गठन गर्ने प्रक्रिया सुनिश्चित गर्न बिना राजनीतिक आग्रह पूर्वाग्रह, बिना राजनीतिक दाउपेच, पीडितको पीडाको संवेदनशीलताप्रती जवाफदेही बन्न र संसदमा थाति रहेको ऐन संशोधन प्रक्रिया तत्काल आरम्भ गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, सिंगो संसद, संसदीय समिति, नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा माओवादी लगयात संसदमा रहेका राजनीतिक दलहरुसँग पुनः जोडदार माग गर्दछौँ |

२१।साथै, पीडा र अन्यायमा पिल्सिरहेका द्वन्द पीडितहरुको सम्बोधन गरिहाल्नुपर्ने नेपालको संक्रमणकालीन न्याय अल्झिरहेको अवस्थामा थप जिम्मेवार, सक्रिय एवम् रचनात्मक ढंगले सरकार, संसद एवम् राजनैतिक दलहरुलाई खबरदारी एवम्

सहजीकरण गर्नका लागि समस्त मानब अधिकार तथा नागरिक समाज, सञ्चार जगत, संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय समुदायलाई समेत अपील गर्दछौ | कार्यटोली बनाएर दीर्घकालीन समाधान नहुने एवम् कानुन संशोधन नगरी बनाइने आयोगको नियति फेरी हिजोकै जस्तै भुलभुलैया र असफल हुने, समय र साधनश्रोतको मात्र खति हुने र पीडित झन् पीडित र सरकारप्रतिको अबिश्वास झनै बढ्ने तथ्य स्मरण गराउदै कानुन संशोधन पछि बनेको आयोगसँग मात्र सहकार्य हुने व्यहोरा समेत पुनः प्रष्ट पार्न चाहन्छौँ ।

**राष्ट्रिय परामर्शमा सहभागी द्वन्द्व पीडितहरु**

१। निरन्जन कुमार चौधरी, बर्दिया
२। गणेश बहादुर मल्ल, कैलाली
३। वाला कृष्ण श्रेष्ठ, पर्सा
४। राजेश्वरी शर्मा कैलाली
५। जमुना रोक्का, ओखलढुंगा
६। तुलसी बहादुर खड्का, रामेछाप
७। लीला देवी तामाङ्ग, मोरंग
८। कृति चौधरी, कैलाली
९। शितल सिंह राठौर, सुर्खेत
१०।शान्ति ढाकाल, सुर्खेत
११।हिरा तिवारी (शर्मा ), नुवाकोट
१२।कुमार शर्मा, काठमाण्डौ
१३।राम कुमारी राई, धनकुटा
१४। कल्पना भण्डारी, नुवाकोट
१५। शंकर कुमार बुढा रामेछाप
१६। गणेश भण्डारी, मकवानपुर
१७। प्रवल राणा, काठमाडौं
१८।सबिता शाही, कालिकोट
१९।नेत्र भण्डारी, हुम्ला
२०। कृष्ण रावत, हुम्ला
२१।राम लखन जयसवाल, कपिलबस्तु
२२। धर्मराज नेउपाने, अछाम
२३। सुमन अधिकारी, लमजुंग
२४। संजय कुमार गुप्ता, रुपन्देही
२५। कल्याण बुढाथोकी, रामेछाप
२६। रुपेश शाह, सुनसरी
२७। गोपाल बहादुर शाह, बर्दिया
२८। फडिन्द्र लुइँटेल, ओखलढुंगा
२९।
३०।देबी खड्का, दोलखा
३१। गिता रसाइली, काभ्रे
३२। उदय कुमार शाह, सिरहा
३३। क्षितिज चौधरी बर्दिया
३४। चन्द्रकला उप्रेती, बाँके
३५। राधिका भट्टराई, तनहुँ
३६। शिब कुमार बुढाथोकी, रामेछाप
३७। कल्पाना भण्डारी, रामेछाप
३८। बिमल वाग्ले, रामेछाप
३९। रबिन्द्र थापा, रामेछाप
४०। रमेश वाग्ले, रामेछाप
४१। नाग्मा माली, ललितपुर
४२। मैना कार्की, जाजरकोट
४३। शुशिला चौधरी, दाङ्ग
४४। सिता कैनी, तनहुँ
४५। दुरदराज अधिकारी, कास्की
४६। राधा कुमारी साउद, कैलाली
४७। भोजराज तिमिल्सिना, अछाम
४८। चिरन्जिवी वास गिरि, धनुषा

४९। कृष्ण जंग सिंह, बझांग

५०। कोपिला अधिकारी वलामी

५१। सुरेन्द्र खत्री, म्याग्दी